नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं.: ४५३४११९, ४५११५३७, ४५१९५०१, ४५३९३६२
फ्याकस: ४५३९९०३
पोष्ट बक्स नं.: २५००७
सानोगौचरण, काठमाडौं, नेपाल

पत्र संख्या:-०८१।८२
चलनी नं.:-662

मिति: २०८१/०८/२५

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

श्री हाङ हाइड्रोपावर कं. प्रा. लि.
का.म.न.पा. ११, काठमाडौं, नेपाल ।
इमेलः hanghydro@gmail.com

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित लोवा जलविद्युत आयोजनाको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको लागि पेश भएको दरखास्तमाथि कारवाही हुँदा तपसिल बमोजिमको कागजात/विवरणहरु पेश हुन बाँकी देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ को दफा १० को उपदफा (३)को व्यवस्था बमोजिम निम्न विवरणहरु पैतिस (३५) दिनको समयावधी भित्र पेश गर्नु हुन विभागको मिति २०८१/०८/१९को निर्णयानुसार जानकारी गराइन्छ ।

१. प्रस्तावित सर्वेक्षण क्षेत्र Mewa Khola Hydropower project सँग आंशिक दोहोरोपन रहेको र उक्त दोहोरोपन रहेको क्षेत्र यस आयोजनालाई आवश्यक नपर्ने देखिएकोले निम्न क्षेत्रमा दरखास्त पेश गरी निम्न विवरणहरु ।
   Longitude ८७°३४'३८" देखि ८७°३६'२९" सम्म
   Latitude २७°२६'५३" देखि २७°२८'००" सम्म
   क) विद्युत नियमावली २०५०को नियम ४ सँग सम्बन्धित अनुसूची-२ को ढाँचामा दरखास्त
   ख) परिमार्जित डेस्क स्टडी प्रतिवेदन (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धक संस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)
   ग) आयोजनाको प्रमुख संरचना सहित अक्षांश देशान्तर नक्शांकन भएको परिमार्जित सक्कल स्थलरुप (टोपो) नक्शा ।
२. प्रवर्द्धक कम्पनीको दर्ताको प्रमाण पत्र (नोटराइज प्रतिलिपि)।
३. प्रवर्द्धक कम्पनीको प्रबन्धपत्र, नियमावली (नोटराइज प्रतिलिपि)।
४. प्रवर्द्धक कम्पनीको प्यान दर्ता (नोटराइज प्रतिलिपि) ।
५. प्रवर्द्धक कम्पनीको शेयर दर्ता किताबको नोटराइज प्रतिलिपि ।
६. प्रवर्द्धक कम्पनीको पछिल्लो आ.व.को कर चुक्ता प्रमाणपत्र (नोटराइज प्रतिलिपि) ।
७. प्रवर्द्धक कम्पनी अध्यावधिक सम्बन्धी कम्पनी रजिष्ट्रारको कार्यलयबाट जारी पत्र (नोटराइज प्रतिलिपि) ।
८. संचालक समितिको बैठकको निर्णय सहितको अख्तियारिनामा, पत्राचार गर्ने स्पष्ट ठेगाना (पोष्ट बक्स नं. इमेल) र अख्तियारी प्राप्त व्यक्तिको प्रमाणित परिचय पत्र एवं सम्पर्क नं.।
९. विभागबाट तोकिएको ढाँचाको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण पत्र र सो लाई पुष्टि हुने कागजात/विवरणहरु ।
१०. कम्तिमा अघिल्लो दुई आर्थिक वर्ष मध्ये एक आर्थिक वर्षको लेखा परीक्षण गरिएको वित्तीय विवरण ।
११. नेटवर्थ तयार गर्ने सि.ए. संस्थाहरुको अध्यावधिक कर चुक्ता प्रमाण पत्र, दर्ता सम्बन्धी कागजात तथा नविकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि ।
१२. परामर्श दातृ संस्था दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा २०७९/८०को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि ।
१३. परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्र (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको) ।

(आस्था भट्ट)
इन्जिनियर